आज मिति २०८०/०२/२४ गते बुधवारका दिन रुपनी गाउँपालिकाका अध्यक्ष श्री दिनेश कुमार यादव ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाकोवैठक तपसीलको उपस्थितिमा भयो ।

तपसील:

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री दिनेश कुमार यादव | अध्यक्ष | |
| २ | श्री पुष्पा कुमारी श्रेष्ठ | सदस्य | |
| ३ | श्री लिला यादव | सदस्य | |
| ४ | श्री सरोज कुमार यादव | सदस्य | |
| ५ | श्री अमर मुखिया मलाह | सदस्य | |
| ६ | श्री छेदी ईसर | सदस्य | |
| ७ | श्री गंगाराम यादव | सदस्य | |
| ८ | श्री बद्री नारायण सरदार | सदस्य | |
| ९ | श्री मुकेश कुमार कर्ण | सदस्य | |
| १० | श्री नविना खवास | सदस्य | |
| ११ | श्री अनार देवी पासमान | सदस्य | |
| १२ | श्री पुनम कुमारी रजक | सदस्य | पुनम |
| १३ | श्री रामकुमारी सदा | सदस्य | |
| १४ | श्री पुनिता कुमारी मण्डल | सदस्य | |
| १५ | श्री रमेश प्रसाद यादव | सचिव | |

**प्रस्ताव नं. १ पदपूर्ती समिति पूनःगठन सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस रुपनी गाउँपालिका अन्तर्गत तपशिल बमोजिमको सदस्यहरु रहने गरी पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

१.श्री रमेश प्रसाद यादव - संयोजक (प्रमुख प्रशासकीय अधिकृत)
२.श्री श्याम सुन्दर यादव - सदस्य (लेखा अधिकृत)
३.श्री जामुन कुमार दास - सदस्य -सचिव (प्रशासकीय अधिकृत)

**प्रस्ताव नं. २ लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनीतिक योजना २०८० पारित सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण मुलप्रवाहिकरण रणनीतिक योजना २०८० पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ महिला समुह ,महिला समिति तथा निगरानी समुह गठन,संचालन एवम व्यवस्थापन गर्न बनेको कार्यविधि,२०८० पारित सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा महिला समुह ,महिला समिति तथा निगरानी समुह गठन,संचालन एवम व्यवस्थापन गर्न बनेको कार्यविधि,२०८० पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.४ मधेश,प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदान अन्तर्गतको योजना सम्बन्धमा ।**

प्रस्ताव नं. ४ मधेश,प्रदेश सरकारबाट प्राप्त समपुरक र विशेष अनुदान अन्तर्गत तपसिल बमोजिमको योजना स्वीकृतिको लागि मधेश प्रदेश,अर्थ मन्त्रालय,जनकपुरधाममा लेखी पठाउने निर्णय गरियो ।

<u>तपसिल</u>

१.श्री कन्छु नरप्रताप मा.वि.रायपुर को अधुरो चारकोठे भवन निर्माण (विशेष अनुदान -३० लाख)
२.खाकी झाँठी थान देखी रामटोल,मियाँ टोल,रजक टोल हुँदै शिव कुमार घर सम्म सडक मर्मत तथा ढलान कार्य (समपुरक अनुदान -२० लाख)

**प्रस्ताव नं.५ सार्वजनिक पोखरी र हाट बजार ठेक्का सम्बन्धमा ।**

प्रस्ताव नं.५ माथी छलफल गर्दा यस रुपनी गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण पोखरी र हाट बजारहरुको ठेक्का प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

पुनम